# मुसिकोट राजपत्र

मुसिकोट नगरपालिका द्वाराप्रकाशित

खण्ड ३) मुसिकोट,गुल्मी,भाद्र १० गते, २०७६ साल(संख्याः९

## भाग-२

## मुसिकोट नगरपालिका,गुल्मी

## नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(घ)(६),प(७ं) र दफा ६२कको व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्नमुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले बनाएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा ३ वमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६

प्रस्तावनाः निर्माण सामग्रीका रुपमा रहेको ढुङ्गा, ग्राभेल वालुवा, गिट्टी, मिस्कट, भस्कट र माटो जस्ता नदीजन्य पदार्थ लगायतका प्राकृतिक स्रोतको दिगो ब्यबस्थापन र सदुपयोग गर्न बान्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(घ)(६),प(७) र दफा ६२ क.को व्यवस्थालाई प्रभावकारी रुपमा सञ्चालन गर्नमुसिकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ले दिएको अधिकार प्रयोग गरी मुसिकोट नगर कार्यपालिकाले " नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६"जारी गरेको छ ।

**परिच्छेद १**
**प्रारम्भिक**

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीेको नाम "नदीजन्य पदार्थ व्यवस्थापन सम्बन्धी कार्यविधि २०७६" रहेको छ ।

(२) यो कार्यविधि मुसिकोट नगरपालिकाभर लागू हुनेछ ।

(३) यो कार्यविधि २०७६ साउन १ गतेदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क)"कार्यविधि" भन्नाले नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७६ सम्झनु पर्दछ ।

(ग)"नदीजन्य पदार्थ" भन्नाले नदी, खोला, खोल्सी, खहरे, बाढी पहिरोले बगाई ल्याई नदी, खोल्सी र खहरेको किनार तथा आसपासका वन क्षेत्र वा

मुसिकोट राजपत्र

सार्वजनिक जग्गा वा नदी उकास क्षेत्र वा निजी जग्गामा थिग्रिएको र थुप्रिएको ढुङ्गा, ग्राभेल, वालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो तथा बहुमूल्य पत्थर, शीला चुनढुङ्गा, स्लेट ढुङ्गा, दहत्तर बहत्तर (काठ दाउरा) र नदीको वहावबाट बगी आउने सबैखाले वस्तु र पदार्थलाई सम्झनु पर्दछ ।

(घ)“मापदण्ड“ भन्नाले दफा ११ बमोजिमको मापदण्ड सम्झनु पर्दछ ।

(ङ)“अनुगमन समिति” भन्नाले दफा १३ बमोजिमको प्रादेशिक वा जिल्ला वा स्थानीय तहको अनुगमन समिति सम्झनु पर्दछ ।

(च)“प्रारम्भिक वातावरणीय परिक्षण” भन्नाले वातावरण संरक्षण ऐन, २०५३ बमोजिमको प्रारम्भिक वातावरणीय परिक्षण भन्ने सम्झनुपर्दछ ।

(छ) “वातावरणीय प्रभाव मूल्याङ्कन” भन्नाले वातावरण संरक्षण ऐन २०५३ बमोजिमको वातावरणीय प्रभाव मूल्याङ्कन भन्ने सम्झनु पर्दछ ।

(ज) “उद्योग” भन्नाले कच्चा पदार्थको रुपमा नदीजन्य पदार्थको प्रयोग हुने मेशिनरी औजार जडित उद्योगलाई सम्झनु पर्दछ र सो शब्दले क्रसर उद्योग, फिरफिरे, रिफाइनरी गर्ने उद्योग र यस्तै प्रकृतिका अन्य उद्योग समेतलाई जनाउनेछ ।

(झ) “घाटगद्दी” भन्नाले नदीजन्य पदार्थ वा दहत्तर बहत्तर सङ्कलन वा उत्खनन वा प्रशोधन गरी नापपैमाइस गर्न वा अस्थायी भण्डारणका लागि तोकिएको स्थानलाई सम्झनु पर्दछ ।

(ञ) “राजस्व” भन्नाले राष्ट्रिय वनक्षेत्रबाट नदीजन्य पदार्थ दहत्तर बहत्तर र दहत्तर वहत्तर काठ दाउरा आदिबाट प्राप्त भई नेपाल सरकारलाई बुझाउनु पर्ने सरकारी रकम सम्झनु पर्दछ ।

(ट) “शुल्क” भन्नाले वनक्षेत्र बाहिर उत्खनन् सङ्कलन भएका नदीजन्य पदार्थ बिक्रीबाट प्राप्त रकमलाई जनाउने छ । यो शब्दले निजी जग्गाबाट

मुसिकोट राजपत्र

व्यवसायिक प्रयोजनका लागि सङ्कलन तथा बिक्री भएको नदीजन्य पदार्थ वापत प्राप्त हुने शुल्क समेतलाई जनाउने छ ।

(ठ) “स्थानीय तह” भन्नाले संविधानको धारा ३०६ को उपधारा(१) को देहाय (ढ) बमोजिमको स्थानीय तह सम्झनु पर्दछ ।

(ड) “प्राविधिक समिति“ भन्नाले दफा १२ बमोजिमको समिति सम्झनु पर्दछ।

## परिच्छेद २

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धि व्यवस्था

३. **अनुमति लिनु पर्ने** (१) नदीजन्य पदार्थमा आधारित क्रसर उद्योग वा यस्तै प्रकृतिका अन्य उद्योग स्थापना र सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थाले अनुसूची (१) बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम दरखास्त दिने व्यक्ति वा संस्थालाई नगरपालिकाले अनुसूची (२) बमोजिमको ढाँचामा अनुमति पत्र दिनेछ ।

(३) उपदफा (१) बमोजिम अनुमतिका लागि दरखास्त दिंदा प्रचलित नेपाल कानूनमा तोकिएकाशर्त बन्देजका अतिरिक्त देहायका मापदण्ड र शर्तहरु पूरा गरेको हुनु पर्नेछ ।

(क) उद्योग स्थापना गर्दा प्रचलित वातावरण कानून बमोजिम उद्योगको वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भएको प्रमाण संलग्न हुनुपर्नेछ ।

(ख) उद्योगले प्राप्त गर्ने कच्चा पदार्थको स्रोत खुलाई त्यस्ता स्रोत धनिको कच्चा पदार्थ उपलब्ध गराउने स्विकृती लिएको प्रमाण संलग्न हुनुपर्नेछ ।

(ग) उद्योग स्थापना गर्ने स्थलको भौगोलिक अवस्थिति न्एक् एयष्लतनिर्दिष्ट गरेको हुनुपर्नेछ ।

(घ) उद्योगको क्षमता अनुसार न्यूनतम् १० रोपनी जग्गा उद्योगको स्वामित्वमा रहेको हुनुपर्नेछ ।

(४) साबिकमा दर्ता भई सञ्चालनमा रहेका उद्योगहरुले स्थानीय निकायको पुनसंरचना भई कायम भएका नगरपालिकामा सूचिकृत गरी सञ्चालनको सहमती लिनुपर्नेछ ।

(५) यस कार्यविधि बमोजिम नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन र भण्डारण गर्दा नगरपालिकाले आफ्नो भू–उपयोग नीति अनुसार गर्नुपर्नेछ ।

(६) अस्थायी क्रसर उद्योगस्थापना,संचालन तथा अनुमतिका लागि नगरकार्यपालिकाले निर्णय गरेवमोजिम हुनेछ।

## परिच्छेद ३

## उत्खनन्,सङ्कलन र घाटगद्दी सम्बन्धि व्यवस्था

४. **कार्ययोजना बनाउनेः** (१) नगरपालिकाले देहायका कुराहरु समावेश गरी नदीजन्य पदार्थ उत्खनन सङ्कलन र घाटगद्दी सम्बन्धी कार्ययोजना बनाउनु पर्नेछ ।

(क) उत्खनन र सङ्कलन गर्न हुने र नहुने क्षेत्र ।

(ख) नदीजन्य पदार्थ उपलब्ध हुने नदी, खोला, खोल्सी, खहरे तथा नदी उकासक्षेत्रको विवरण र उपलब्ध हुनसक्ने अनुमानित वार्षिक परिमाण ।

(ग) पुर्वाधार निर्माणको लागी चाहिने परिमाण र स्रोतको उपलब्धता ।

(घ) भण्डारण वा घाटगद्दी स्थल।

(ङ) बिक्री वितरणको प्रक्रिया ।

(च) सङ्कलनको विधी र प्रयोग हुने मेशिनरी औजार ।

(छ) नगरपालिकाले प्राप्त गर्ने अनुमानित आर्थिक लाभ ।

(२) उपदफा (१) बमोजिम तयार भएको कार्ययोजना दफा १२ बमोजिमको प्राविधिक समितिबाटफिल्ड निरीक्षण गराई लिखित प्रतिवेदन लिई सिफारिससाथ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्राविधिक समितिको प्रतिवेदनलाई आधार मानी ढुङ्गा, ग्राभेल, वालुवा, गिट्टी मिस्कट, भस्कट, गेग्रान, माटो जस्ता नदीजन्य पदार्थ उत्खनन् र सङ्कलन सम्वन्धमा तयार पारिएको कार्ययोजनालाई कार्यपालिकाले स्वीकृत गर्नेछ ।

(४) यस दफा बमोजिमको कार्ययोजना प्रत्येक आर्थिक वर्षको जेठ मसान्त सम्म र पहिलो वर्षको लागि भदौ महिना सम्ममा तयार गर्नुपर्नेछ ।

५. **वातावरणीय अध्ययनः**(१) ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तरको उत्खनन र संङकलन गर्नु अघि प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थमा आधारित उद्योगको स्थापना र सञ्चालन गर्नु पूर्व प्रचलित कानून बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन गराउनु पर्नेछ ।

(३) नदीजन्य पदार्थ उत्खनन सङ्कलन्,प्रशोधन र बिक्री वितरण गर्ने उद्योगले नदीजन्य पदार्थको उत्खनन र सङ्कलन गर्दा प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा औंल्याइएका सुझाव र सुधारात्मक उपायको कार्यान्वयन गर्नु पर्नेछ ।

७. **सूचना प्रकाशन गर्ने** ः (१) IEE प्रतिवेदन र प्राविधिक समितिले सिफारिस गरेको खोलानदी खहरे खोल्सी र नदीउकास क्षेत्रबाट वार्षिक उपलब्ध हुने नदीजन्य पदार्थको प्रकृति र परिमाण निश्चित गरी इष्टिमेट तयार गरी नियमानुसार स्वीकृत गर्नु पर्नेछ ।

(२) सो परिमाणको नदीजन्य पदार्थ उत्खनन तथा सङ्कलन र निकासीका लागि दरभाउपत्र वा वोलपत्र आव्हान गरी राष्ट्रियस्तरको दैनिक पत्रिका वा वेभसाईट र स्थानिय रेडियोमा सूचना प्रकाशन गर्नु पर्नेछ ।

(३) यसरी सूचना प्रकाशन गर्दा दरभाउपत्र÷वोलपत्र खरिद र दाखिला गर्न पाउने निकाय वा स्थान, खरिद र दाखिला गर्न पाउने अन्तिम मिति, आवश्यक धरौटी सम्बन्धमा उल्लेख गर्नु पर्नेछ ।

(४) दरभाउपत्र÷वोलपत्रसाथ दरभाउपत्रदाता÷बोलपत्रदाताले कबोल गरेको दररेट रकमले सङ्कलन गर्न प्रस्तावित परिमाणलाई गुणन गर्दा हुन आउने कूल कबोल रकमको ५ प्रतिशत धरौटी बुझाएको प्रमाण संलग्न गर्नु पर्नेछ ।

(५) अन्तिम मितिसम्म दाखिला भएका दरभाउपत्र÷बोलपत्रहरु सकेसम्म सोही दिनदरभाउपत्रदाता÷बोलपत्रदाता प्रतिनिधिको रोहवरमा खोली भएको व्यहोरा खुलाई मुचुल्का उठाई सो मुचुल्कामा प्रतिनिधिहरु समेतको दस्तखत गराई राख्नु पर्नेछ । दरभाउपत्रदाता÷ बोलपत्रदाताको अनुपस्थितिले तोकिएका उल्लेखित कार्य गर्न वाधा पर्ने छैन ।

(६) कुनै लटमा दरभाउपत्र÷बोलपत्र नपरेमा पूर्व प्रकाशित सूचनाको कम्तिमा आधा अवधिको म्याद दिई पुनः सूचना प्रकाशन गर्नु पर्नेछ । दोस्रो पटकको सूचनामा पनि दरभाउपत्र÷बोलपत्र दाखिला नभएमा स्वीकृत दररेटमासङ्कलन् र घाटगद्धीको कार्य अमानतबाट गराउन सकिने छ । तर अघिल्लो वर्ष ठेक्का भएको भए अघिल्लो वर्षको दररेटमा नघट्ने गरी कुनै व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिन सकिने छ ।

(७) वोलपत्र आव्हान भएकोमाएक स्थानका लागि एकमात्र दरभाउपत्र÷बोलपत्र परेको अवस्थामा समेत त्यस्तो दरभाउपत्र÷बोलपत्र खोल्नका लागि वाधा परेको मानिने छैन । यसरी कायम राखिएको दरभाउपत्र÷बोलपत्र पुनः प्रकाशित सूचनाको प्रावधान अनुसार दाखिला गर्न पाउने अन्तिम मितिको २४ घण्टा अगाडिसम्म फिर्ता माग्न आएमा बन्द अवस्थामै फिर्ता दिनु पर्नेछ । पुन प्रकाशित सूचना अनुसार म्यादभित्र फिर्ता नलगेमा पछि दाखिला भएका दरभाउपत्र÷बोलपत्रमा समावेश गरी

खोली मूल्याङ्कन गर्नु पर्नेछ । पहिले कायम रहेको दरभाउपत्र÷बोलपत्र फिर्ता भई पुनः एकमात्र दरभाउपत्र÷बोलपत्र परेमा सो दरभाउपत्र÷बोलपत्र खोली मूल्यांकन गर्नु पर्नेछ ।

८. **मूल्याङ्कन** ः (१) म्याद भित्र दाखिला भई खोलिएका दरभाउपत्र उपर कार्यालयले निर्णय गर्नेछ । बोलपत्रहरुको हकमा बोलपत्र मूल्याङ्कन समिति गठन गरी समितिको सिफारिसका आधारमा दरभाउपत्र÷बोलपत्र खोलिएको सात दिन भित्र सदर÷ बदर गर्नु पर्नेछ ।

९. **कार्यादेश सम्वन्धि व्यवस्था** ः (१) दरभाउपत्र÷वोलपत्र स्वीकृत भए पश्चात कार्य सम्झौताको लागि स्वीकृत दरभाउपत्रदाता÷वोलपत्रदातालाई पन्ध्र(१५) दिनको म्याद दिई सूचना गर्नु पर्नेछ । तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा निजका नामको धरौटी जफत गरी क्रमश दोस्रो र तेस्रो वढि दररेट कबोलदातालाई सम्झौताको लागि आव्हान गर्नु पर्नेछ । सम्झौता नभएसम्म तेस्रो वढि कबोलदातासम्मको धरौटी कायम राख्नु पर्नेछ ।

(२) वनक्षेत्र बाहेकका सार्वजनिक क्षेत्रबाट सङ्कलन गरिने नदीजन्य पदार्थका हकमा स्थानीय तहले सङ्कलन गरिने खोला नदी खहरे खोल्सी र नदी उकासक्षेत्रको स्थान, उत्खनन् सङ्कलन हुने परिमाण , अवधि, उत्खनन् सङ्कलनको प्रविधि, ढुवानीको प्रक्रिया र घाटगद्दी स्थान तोकी सम्झौता गरी सम्बन्धित व्यवसायीका नाममा कार्यादेश दिनु पर्नेछ ।

(३) वन क्षेत्रबाट ढुंगा, गिट्टी, बालुवा, माटो, चट्टान, दहत्तर बहत्तर सङ्कलन गर्दा ठेक्का लगाउने नगरपालिकाले सम्बन्धित डिभिजन वन कार्यालयलाई सङ्कलन गर्ने स्थल, समय, परिमाण, प्रयोग गर्ने मेशिन औजार, घाटगद्दिस्थल आदिको पूर्ण विवरण सहित अग्रिम जानकारी गराई वन

प्रवेश इजाजत माग गर्नुपर्नेछ । डिभिजन वन कार्यालयले अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) डिभिजन वन कार्यालयबाट वन प्रवेश इजाजत प्राप्त भएपछि वन प्रवेश इजाजतमा उल्लिखित शर्तहरुको प्रावधान समेत समावेश गरी व्यवसायीसँग सम्झौता गरी कार्यादेश दिनु पर्नेछ ।

(५) कार्यादेश पाएका व्यवसायीले उत्खनन्, सङ्कलन, घाटगद्दी र निकासी कार्य शुरु गर्नु पहिले सो कार्यमा खटिने मुख्य मुख्य कामदार, ढुवानीका साधन र चालकहरुको विवरण कार्यालयमा पेश गर्नु पर्नेछ ।

(६) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन र निकासी गर्दा माटो, पानी, कृषियोग्य जमिन, जैविक विविधता जस्ता प्राकृतिक वातावरण तथा सडक, नहर, कूलो, स्कूल, कलेज, मानवबस्ती जस्ता भौतिक पूर्वाधारको संरक्षणका लागि आवश्यक परेमा कार्यपालिकाले सूचना प्रकाशित गरी नदि वा खोला क्षेत्रलाई चार किल्ला खुलाई निश्चित अवधिका लागि संबेदनशील क्षेत्र घोषणा गरी नदीजन्य पदार्थ उत्खनन र सङ्कलनमा रोक लगाउन सक्नेछ ।

(७) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन तथा घाटगद्दी गर्ने कार्य जेठ मसान्तदेखी भाद्र मसान्तसम्म गर्न पाइने छैन ।

(८) नदीजन्य पदार्थ उत्खनन् तथा सङ्कलन कार्य सुर्यास्त देखि सुर्योदयसम्म गर्न पाइने छैन ।

(९) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बाढी, पहिरो तथा डुबानका कारण राजमार्ग, खेतबारी, गाउँ, बस्ती, शहर बजार, पक्की पुल जस्ता क्षेत्रमा थुपारेको नदीजन्य पदार्थ हटाउनु पर्ने भएमा मेसिनरी साधन प्रयोग गरी उत्खनन गर्नका लागि कार्यपालिकाले तत्काल आदेश दिन सक्नेछ ।

मुसिकोट राजपत्र

१०. **सङ्कलन भण्डारण र घाटगद्दीको व्यवस्थाः**(१) नदीजन्य पदार्थको सङ्कलन र घाटगद्दी इजाजत दिनु पहिले नदीजन्य पदार्थहरुको सङ्कलन तथा घाटगद्दी गर्दा अपनाउनु पर्ने विधि, घाटगद्दी भएको नदीजन्य पदार्थको नापतौल र सो कार्य गरे वापत दिनु पर्ने भुक्तानी प्रक्रियाका विषयमा सम्बन्धित व्यवसायीसँग सम्झौता गर्नु पर्नेछ । सङ्कलित नदीजन्य पदार्थ घाटगद्दी गर्ने स्थान सम्झौतामा तोक्नुपर्नेछ । घाटगद्दी तोक्दा वनक्षेत्र र अन्य क्षेत्रको अलग अलग छुट्टिने गरी तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घाटगद्दी स्थान छनौट गर्दा अनुसुची ३ वमोजिम हुनेछ ।

(३) घाटगद्दी गर्दा घाटगद्दीमा आएको नदीजन्य पदार्थ नासिन हराउन नपाउने व्यवस्था सम्बन्धित व्यवसायीले मिलाउनु पर्नेछ । कार्यसम्पन्न भए पश्चात घाटगद्दीको स्वामित्व नगरपालिकालाई हस्तान्तरण गर्नुपर्ने छ । घाटगद्दी हस्तान्तरण नभएसम्म घाटगद्दीस्थानको सुरक्षाको दायित्व सम्बन्धित व्यवसायीको हुनेछ ।

(४) दहत्तर वहत्तर काठ दाउराको सङ्कलन् र घाटगद्दी प्रचलित अन्य ऐन, नियम र निर्देशिका बमोजिम हुनेछ ।

(५) उपदफा (२) बमोजिम तोकिएको स्थल बाहेक अन्यत्र भण्डारण वा घाटगद्दी गर्नु गराउनु हुदैन । तोकिएको घाटगद्दी स्थानमा तोकिएका नदीजन्य पदार्थ बाहेक अन्य मालवस्तु घाटगद्दी गर्न पाइने छैन । तोकिएको स्थान बाहेक अन्यत्र भण्डारण या घाटगद्दी गरे गराएमा वा नदीजन्य पदार्थ बाहेकका मालवस्तु घाटगद्दी भएमा वा ओसारपसार हुँदै गरेको अवस्थामा फेला परेमा मालवस्तुको प्रचलित बिक्री मूल्यको दोब्बर रकम असुल गरी यस्तो मालवस्तु जफत गर्नेछ ।

(६) प्राबिधिक समिति र अनुगमन समितिले घाटगद्दी स्थलको निरीक्षण अनुगमनको व्यवस्था मिलाउनु पर्नेछ ।

मुसिकोट राजपत्र

(७) सम्झौता बमोजिम नदी खोला खहरे खोल्सी र नदी उकासक्षेत्रबाट निकालिएको र घाटगद्दी गरिएको नदीजन्य पदार्थको वार्षिक विवरण व्यवसायीले कार्यालयमा वुझाउनु पर्नेछ ।

(८) घाटगद्दीका लागि अनुसुची १ वमोजिम व्यवसायीले आवश्यक कागजात का साथमा निवेदन दिनुपर्ने छ । नगरप्रमुख स्तरीय निर्णय वाट प्रमुख प्रशासकीय अधिकृत मार्फतघाटगद्दी अनुमति पत्र प्रदान हुनेछ ।

(क) सम्झौता अनुसार नदीजन्य पदार्थ सङ्कलन गर्ने क्षेत्रको प्राविधिक समितिबाट अन्तिम जाँच गराउनु पर्नेछ ।

(ख) नदीजन्य पदार्थ उत्खनन सङ्कलन गर्दा सम्झौता र यस निर्देशिकाको प्रतिकूल भए नभएको कुरा प्राविधिक समितिको अन्तिम जाँच प्रतिवेदनमा खुलाउनु पर्नेछ ।

(ग) तोकिएको क्षेत्र भन्दा अन्यत्रबाट नदीजन्य पदार्थ सङ्कलन उत्खनन् गरेको पाइए प्राविधिक समितिले क्षतिको मूल्याङ्कन गरी कारवाहीको लागि कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ ।

(घ) नदीजन्य पदार्थ निकाल्दा प्राविधिक समितिले शिफारिस गरे वाहेकको नदी खोलाको किनार, वनक्षेत्र वा अन्य क्षेत्रबाट उत्खनन् सङ्कलन गरेको कारण सो स्थानको पुनरूथापना गर्नु परेमा पुनरूथापना गर्दा लाग्ने खर्च सम्बन्धित व्यवसायीबाट असुल गरी पुनरूथापना गर्नु पर्नेछ ।

## परिच्छेद ४

## नदीजन्य पदार्थ र दहत्तर वहत्तर बिक्री तथा राजस्व बाँडफाँड

**११. नदीजन्य पदार्थको सदुपयोगः** (१) घाटगद्दीमा भण्डारण भएको नदीजन्य पदार्थको बिक्री तथा सदुपयोग सम्बन्धि व्यवस्था मिलाउने छ सो कार्यका लागि स्थानीय आवश्यकता, माग, विकास निर्माणलाई चाहिने मागको आपूर्तीलाई प्राथमिकता दिइनेछ ।

मुसिकोट राजपत्र

(२) विशेष अवस्थामा बाहेक घाटगद्दीमा आम्दानी भएको नदीजन्य पदार्थ देहाय बमोजिम लिलाम प्रक्रियाद्वारा बिक्री बन्दोवस्त मिलाउनु पर्नेछ ।

(क)लिलाम बिक्री गरिने नदीजन्य पदार्थको बिक्री दर र सङ्कलन् गर्दा लागेको खर्च जोडी हुन आउने रकम न्यूनतम मूल्य निर्धारण गरी शिलवन्दी बोलपत्र आव्हान गर्नु पर्नेछ ।

(ख) लिलाम बिक्री सम्बन्धि प्रक्रिया प्रचलित ऐन नियम अनुसार हुनेछ ।

(३) दफा २ मा जुनसुकै व्यहोरा लेखिएको भए पनि राष्ट्रिय गौरवका आयोजना तथा अन्य सार्वजनिक निर्माण कार्यका लागि आवश्यक पर्ने नदीजन्य पदार्थ नगरपालिकाले तोकेको दरमा घाटगद्दीबाटै उपलब्ध गराउन सक्नेछ ।

**१२. नदीजन्य पदार्थको राजश्व दररेट**

(१) दहत्तर बहत्तर काठ दाउरा बाहेकका नदीजन्य पदार्थको राजस्व तथा बिक्री दररेट अनुसुचि ४ बमोजिम हुनेछ । गैरकर सम्वन्धी प्रचलित कानून बमोजिम लाग्नेछन् ।

(२) निजी नम्बरी जग्गामा रहेको नदीजन्य पदार्थ सम्बन्धित जग्गाधनिको निजी काम बाहेक व्यवसायिक रुपमा बिक्री गर्दा अनुसुचि ४ बमोजिमको सेवा शुल्क लाग्ने छ ।

## परिच्छेद ५

## नदीजन्य पदार्थको ओसारपसार र ढुवानी

**१३. ढुवानी तथा ओसारपसार सम्बन्धी व्यवस्थाः** (१) नदीजन्य पदार्थको ओसार पसार गर्दा देहाय बमोजिम गर्नु पर्नेछ ।

(क) पानीले भिजेको र पानी चुहिने सामाग्री बोकेका ढुवानीका साधन पक्की सडकमा गुडाउन पाइने छैन ।

(ख) ढुवानीका साधनले वहन गर्न पाउने तौल भन्दा बढी तौल लोड गरिएका ढुवानीका साधन सडकमा गुडाउन पाइने छैन ।

(ग) नदीजन्य पदार्थ ढुवानी गर्दा ढुवानी गर्ने साधनलाई माथिबाट बाक्लो त्रिपालले ढाकी ढुवानी गर्नु पर्नेछ । ढुवानीका साधनलाई नछोपी खुल्ला रुपले ढुवानी गर्न पाइने छैन।

(घ) तोकेको सडक सीमा र मापदण्ड भित्रको क्षेत्रमा नदीजन्य पदार्थ लगायत कुनै पनि सामग्री सङ्कलन गर्न वा सञ्चय गरी राख्न पाइने छैन । नदीजन्य पदार्थ बोकेको सवारी साधन उक्त क्षेत्रमा पार्किङ गर्न पाइने छैन ।

(ङ) शहर वा बजार क्षेत्रमा नदीजन्य पदार्थ बोकेको सवारी साधन विहान ९ देखि १० र साझ ३ देखि ५ बजेसम्म चलाउन पाइने छैन ।

(च) ढुवानी गर्दा सडकको मापदण्ड, भारवहन क्षमता हेरी शहरी क्षेत्रमा ढुवानी गर्ने साधनको े तौलका सम्वन्धमा विशेष व्यवस्था गरी उच्च भार नियन्त्रण गर्न सक्नेछ ।

(२) अन्तर स्थानीय तह वा अन्तर प्रदेशमा नदीजन्य पदार्थ ओसारपसार र ढुवानी गर्दा कसैले अवरोध वा कुनै किसिमको ढाट राखी थप कर, शुल्क वा दस्तुर लिन पाइने छैन ।

(४) ओसार पसार तथा ढुवानी सम्वन्धी अन्य व्यवस्था सम्झौता बमोजिम हुनेछ ।

१४. **निषेधित कार्यहरुः**यस कार्यविधि बमोजिम देहायका कार्यहरु निषेध गरिएको छ ।

(क) प्रचलित कानून बमोजम बाहेक अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्न वा उद्योग सञ्चालन गर्न ।

(ख) प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगरी नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन्, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालन गर्न ।

(ग) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योगका लागि स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कनका शर्त उल्लङ्घन गर्न ।

(घ) नदीजन्य पदार्थ उत्खनन्, सङ्कलन, भण्डारण र प्रशोधनको कार्य गर्ने उद्योग सञ्चालनका लागि तोकिएको मापदण्ड विपरित कार्य गर्न ।

(ङ) तोकिएको स्थान बाहेक अन्य स्थानमा उद्योग स्थानान्तरण र सञ्चालन गर्न ।

(च) स्विकृत उद्देश्य विपरित काम गर्न ।

(छ) तोकिएको परिमाण भन्दा बढी उत्खनन् सङ्कलन र प्रशोधन गर्न ।

(ज) अनुमति नलिई वा अनुमति बर्खिलाफ उद्योग सञ्चालन गर्न ।

(ज) पुरातात्विक, धार्मिक महत्वका र बहुमुल्य ढुङ्गा पत्थरको उत्खनन् सङ्कलन तथा विक्री वितरण गर्न ।

(झ) कार्यविधि विपरित हुने गरी नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, ओसारपसार, बिक्री वितरण गर्न तथा उद्योग सञ्चालन गर्न ।

१५. **सजायको व्यवस्थाः** दफा १५ को उपदफा (१) बमोजिमका निषेधित कार्य वा यो कार्यविधि वर्खिलाफका कुनै कार्य गर्ने गराउने उपर अनुसुचि ५ वमोजिम सजाय हुनेछ ।

## परिच्छेद ६

## अनुगमन मूल्याङ्कन

१६. **प्राविधिक समितिको गठनः** (१) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन, वा उद्योग स्थापना र सञ्चालन कार्यको प्रस्ताव कार्यान्वयन हुनु पूर्व, कार्यान्वयन गर्दा र कार्यसम्पन्न भैसकेपछि वातावरणमा पर्ने प्रभावको अध्ययन, विश्लेषण गरी सुझाव दिनका लागि एक प्राविधिक समिति गठन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्राबिधिक समितिमा देहाय अनुसारका सदस्य रहनेछन ।

(ख) प्रमुख प्रशासकीय अधिकृत – संयोजक

(ख) प्राविधिक शाखा प्रमुख – सदस्य

(ग) प्रशासन शाखा प्रमुख – सदस्य

(घ ) नगर प्रहरी प्रतिनिधि – सदस्य

(ङ) वन वातावरण हेर्ने शाखा प्रमुख – सदस्य सचिव

(३) प्राविधिक समितिको कार्य विवरण देहायबमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थ सङ्कलन हुने क्षेत्रहरुको स्थलगत सर्वेक्षण गरी स्वीकृत क्ष्भ्भ्को प्रावधान र ती प्रतिवेदन स्वीकृत÷कार्यान्वयन भएपछि आएका परिवर्तन समेतको लेखाजोखा गरी नदीजन्य पदार्थ सङ्कलन गर्न सकिने स्थानको नक्शा सहितको विवरण, निकाल्न सकिने नदीजन्य पदार्थको परिमाण समेत यकिन गर्ने ।

(घ)सञ्चालित नदीजन्य पदार्थमा आधारित उद्योगले सञ्चालनका क्रममा वा सञ्चालन पश्चात् पार्ने असर बारे अध्ययन, निरिक्षण गरी प्रतिवेदन दिने ।

(ङ) नदीजन्य पदार्थ उत्खनन, सङ्कलन, घाटगद्दी, ढुवानी सम्बन्धि प्रस्ताव कार्यान्वयन पूर्व, कार्यान्वयन चरण र कार्य सम्पन्न भैसकेपछि पर्न सक्ने सामाजिक,आर्थिक र वातावरणीय प्रभाव बारे अध्ययन, निरीक्षण र विश्लेषण गरी प्रतिवेदन दिने ।

१७. **अनुगमन सम्वन्धी ब्यवस्थाः** (१) नदीजन्य पदार्थ उत्खनन् सङ्कलन, भण्डारण, ओसारपसार र विक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगको अनुगमन मूल्याङ्कन तथा नियमन गर्न गराउनका लागि एक अनुगमन समिति गठन गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन समितिमा देहाय बमोजिमका पदाधिकारी रहनेछन्

(क) नगर प्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य –संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

मुसिकोट राजपत्र

(ग)नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य एक जना –सदस्य

(घ)वन वातावरण समिति सयोजक –सदस्य

(ङ)सम्वन्धित क्षेत्र को वासिन्दा, समाजसेवी सयोजकले तोकेको –सदस्य

(च)वन वातावरण समिति को सदस्य सचिव –सदस्य सचिव

(३) अनुगमन समितिको कार्य विवरण देहाय बमोजिम हुनेछ ।

(क) नदीजन्य पदार्थको उत्खनन, सङ्कलन्, भण्डारण, प्रशोधन, उत्खनन विधि,नदि तथा तटिय क्षेत्रमा पर्ने प्रभाव का वारेमा अनुगमन गरी आवश्यक नीति ,कार्यविधि का लागि कार्यपालिकालाइ सुझाव दिने ।

(ख) उत्खनन,सकलन,प्रशोधन तथा घाटगद्दि कार्यविधि विपरित भएमा वा मापदण्ड वमोजिम कार्य नभएको पाइएमा तुरुन्त कारवाहिका लागि सिफारिस गर्ने साथै नदि परिसरमा नदिजन्य पदार्थ ठुलो परिमाणमा जम्मा भई वस्ति तथा जमिनमा क्षति हुने देखिएमा सोको एकिन गरि उत्खनन तथा वितरणका लागि कार्यपालिकामा सिफारिस गर्ने ।

(घ) नदिजन्य पदार्थ उत्खनन, घाटगद्दी तथा निर्यात सम्वन्धमा यस कार्यविधि को प्रतिकुल भएमा सो कार्यको जरिवाना, सजाय वा दण्डका लागि कार्यपालिका मा पेश गर्ने ।

## परिच्छेद ७
## विविध

**१८. नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन सम्बन्धी मापदण्डः** (१) नदीजन्य पदार्थ उत्खनन्, सङकलन् र घाटगद्दी नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना तथा सञ्चालन गर्ने प्रयोजनका लागि अनुसूची (३) बमोजिमको दूरी सम्बन्धी मापदण्ड लागू हुनेछ ।

(२) उद्योग दर्ता र सञ्चालन सम्बन्धी अन्य विषयहरु प्रचलित कानूनले तोके बमोजिम हुनेछ ।

मुसिकोट राजपत्र

१९. **वातावरणीय पुनर्स्थापना** (१) उत्खनन क्षेत्र वा आसपासका क्षेत्रमा कार्य सम्पन्न भइसकेपछि हरियाली प्रवर्धन, तटबन्ध निर्माण, थिग्रयाउने पोखरी निर्माण, खोलाको वहाव नियन्त्रण गर्न पक्की बाँध लगायतका भू–तथा जलाधार संरक्षण जस्ता पुनर्स्थापनाका कार्यहरु गर्न योजना बनाउनु पर्नेछ ।

(२) नदीजन्य पदार्थको उत्खनन् र सङ्कलन कार्यबाट वातावरण, गाऊँ बस्ती, कृषि भूमि, वनक्षेत्र र जलाधारमा प्रतिकूल प्रभाव परेको अवस्थामा खोला,नदी र आसपासका क्षेत्रको भू–बनौट, प्राकृतिक सुन्दरता,वन जङ्गगल, जलाधार र कृषि प्रणालीलाई जीवन्त राख्न प्राविधिक समितिको सिफारिसमा सो कार्यमा तत्काल रोक लगाई संरक्षण र पुनरुत्थानको कार्यक्रमहरु सञ्चालन गर्नु पर्नेछ ।

२०. **विविध** ः (१) यो कार्यविधि लागू हुनु पहिले सञ्चालनमा रहेका उद्योगले कार्यविधि लागू भएको एक महिनाभित्र आफ्नो उद्योगमा रहेको कच्चा वा प्रशोधित मालवस्तुको परिमाण सहितको विवरण, प्राप्तिको स्रोत, चालु आ.ब.को बिक्री वितरणको परिमाण र भावी योजना सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ । तत्पश्चात उत्खनन्, सङ्कलन तथा घाटगद्दीमा भएको मौज्दातको विवरण मासिक रुपमा पेश गर्नु पर्नेछ ।

(२) घरायसी आवश्यकताका स्लेट ढुङ्गा उत्खनन् गर्दा नगरपालिका वाट अनुमति लिई वातावरणीय पक्षलाई ध्यान दिई व्यवस्थित ढङ्गले प्रचलित कानुन बमोजिम गर्नु पर्नेछ ।

(३) ढुंगा, ग्राभेल गिट्टी, बालुवा, माटो, चट्टान खानीको रुपमा सञ्चालन गर्नुपर्ने भएमा भएमा नगरपालिकाले व्यवस्था गरे अनुसार हुनेछ ।

(४) यो कार्यविधि पालना गर्ने गराउने कार्यमा कार्यपालिका , वडाकार्यालय हरु र सम्वन्धित कार्यालय हरु ले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(५) नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, बिक्री वितरण तथा यी पदार्थमा आधारित उद्योगमा काम गर्ने मजदुरको वीमा, स्वास्थ्य, सुरक्षा तालिम र सुरक्षा सामग्री सम्वन्धी व्यवस्था सम्वन्धित व्यवसायीले गर्नु पर्नेछ ।

२१. **थपघट तथा हेरफेरः** यो कार्यविधि आवश्यकता अनुसार कार्यपालिकाले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

२२. **बाधा अड्काउ, फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा कार्यपालिकाले बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्न सक्नेछ ।

२३. **वचाऊः** यो कायविधि लागू हुनु पहिले नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, विक्रि वितरण तथा नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना सञ्चालन सम्बन्धमा भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

मुसिकोट राजपत्र

# अनुसूची १

## (दफा ३ को उपदफा १ सँग सम्बन्धित)

## नदीजन्य पदार्थमा आधारित उद्योग स्थापना र सञ्चालन अनुमतिका लागि दिनु पर्ने दरखास्तको ढांचा

श्री प्रमुखज्यू
मुसिकोट न.पा. गुल्मी

विषयः अनुमतिपत्र पाउँ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको उद्योग÷घाटगद्दि सञ्चालनगर्न इच्छुक भएकोले मेरो हाम्रो फर्म कम्पनीलाई अनुमतिपत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदनपत्र पेश गरेको छु ÷छौं । लेखिएको व्यहोरामा कुनै कुरा झुठ्ठा ठहरे प्रचलित नेपाल कानुन बमोजिम सहुँला बुझाउँला ।

१. फर्मको पूरा नाम ः–

२. फर्मको पूरा ठेगाना ः–

३. उद्योग सञ्चालन गर्ने स्थान

४. उद्देश्य ः–

५. पूँजी ः–

५. कारोबार गर्ने चीज तथा कामको विवरण ः–

६ घाटगद्दी गर्ने क्षेत्रफल ः–

मुसिकोट राजपत्र

७. संलग्न कागजातहरुः (फर्म दर्ताको प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रमाणपत्र, नवीकरण गरेको प्रमाण, स्वघोषणा सम्वन्धी कागज , जग्गा सम्झौता पत्र वा लालपुर्जा

दरखास्तवालाको नामः
सहीः
नागरिकता नम्बरः
सम्पर्क नं.

इति सम्वत् २०........ साल ......गते रोज...... शुभम्

मुसिकोट राजपत्र

**अनुसूची २**

**(दफा ३ को उपदफा २ सँग सम्बन्धित)**

**नदीजन्य पदार्थमा आधारित उद्योग÷घाटगद्दिस्थापना र सञ्चालनको अनुमति पत्रको ढांचा**

मुसिकोट नगरकार्यपालिकाको कार्यालय

गुल्मी

**अनुमतिपत्र**

श्री .............................

................................................

महाशय,

तपाईको फर्म र कम्पनीले ........................... सम्वन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नुभएको निवेदन र संलग्न कागजात उपर कारवाही हुँदा मिति ....... को ............ स्तरीय निर्णयानुसार ........................... कार्य गर्ने गरी यो अनुमति पत्र दिइएको छ । प्रचलित कानून बमोजिम गर्नु गराउनु होला ।

१. अनुमति प्राप्त गर्ने फर्म कम्पनीको नामः
२. फर्मर कम्पनी संचालकको नामः
३. ठेगानाः
४. फर्मर कम्पनी सञ्चालनहुने स्थानः
५. चार किल्लाः

अनुमतिपत्र प्रदान गर्ने अधिकृतको
नामः
दर्जाः
दस्तखतः

मितिःद्रष्टव्यः यो अनुमतिपत्र हराएमा, च्यातिएमा वा नासिएमा प्रतिलिपि प्रमाणपत्र लिन१००रुपैयाँ दस्तुर लाग्नेछ ।

मुसिकोट राजपत्र

## अनुसूची ३
## घाटगद्दी का लागिन्युनतम दुरी

| क्र.सं. | विवरण | दुरी |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनारबाट, | ३०० मिटर |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्रको किनाराबाट | ३०० मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | ५०० मिटर |
| ४ | बस्तिबाट वा सभावित वस्तीवाट | ५०० मिटर |
| ५ | वन क्षेत्रबाट | ५०० मिटर |
| ६ | झोलुंगे पुलबाट | २०० मिटर |
| ७ | पक्की पुलबाट | ३०० मिटर |
| ८ | लोकमार्गको Right of the Way बाट | २०० मिटर |

अस्थायी क्रसर वा सो प्रकृतिका उधोग स्थापना का लागि न्युनतम दुरी

| क्र.सं. | विवरण | दुरी |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनारबाट, | ३००मिटर |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्रको किनाराबाट | ३००मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मी. |
| ४ | बस्तिवाट वा सभावित वस्तीवाट | १ कि.मी. |
| ५ | वन क्षेत्रबाट | १ कि.मी. |

मुसिकोट राजपत्र

| | | |
|---|---|---|
| ६ | झोलुंगे पुलबाट | २००मिटर |
| ७ | पक्की पुलबाट | ३००मिटर |
| ८ | लोकमार्गको Right of the Way बाट | २०० मिटर |

क्सर वा सो प्रकृतिका उधोग स्थापना का लागि न्युनतम दुरी

| क्र.सं. | विवरण | दुरी |
|---|---|---|
| १ | नदी, खोलाको वर्षातको प्रवाहमा आधारित सीमा किनारबाट, | ३००मिटर |
| २ | तालतलैया र ऐतिहासिक धार्मिक महत्वका पोखरी तथा घाटक्षेत्रको किनाराबाट | ३००मिटर |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक सांस्कृतिक र पुरातात्विक महत्वका स्थान, सुरक्षा निकायबाट | १ कि.मी. |
| ४ | बस्तिवाट वा सभावित वस्तीवाट | १ कि.मी. |
| ५ | वन क्षेत्रबाट | १ कि.मी. |
| ६ | झोलुंगे पुलबाट | २००मिटर |
| ७ | पक्की पुलबाट | ३००मिटर |
| ८ | लोकमार्गको च्ष्नजत या ध्बथ बाट | २०० मिटर |

मुसिकोट राजपत्र

अनुसूची ४

नदी क्षेत्रवाट नदिजन्य पदार्थ उत्खनन तथा वितरण प्रयोजनका लागि व्यवसायीले प्रति घनमिटर अधिकतम रु १८०( भ्याट सहित)

घाटगद्दी वाट विक्री गर्ने प्रयोजनका लागि कार्यपालिकाले निर्धारण गरे वमोजिम दर हुनेछ ।

घाटगद्दी कम्तिमा ५ रोपनी जग्गा मा गर्नुपर्ने छ । प्रति रोपनी रु १०००० लाग्नेछ । तर आ व २०७६÷०७७ का लागि ५ रोपनी भन्दा कम भएमा वाधा पर्ने छैन ।

अस्थायी क्रसर उधोग प्रतिवर्ष रु ५०००० ।

पुनश्च ः प्रत्येक कारोवार मा मुल्य अभिवृद्दि कर जारी गर्नु पर्ने छ ।

नदि क्षेत्रमा उपलव्ध नदिजन्य पदार्थ स्विकृत परिमाण मा उत्खनन तथा वितरण का लागि व्यवसायीले अवरोध गर्न पाइने छैन । व्यवसायीले आपसी मिलेमतो वा मुल्य वृद्दि गरेको पाइएमा नगरपालिका ले जुनसुकै समयमा ठेक्का रद्द गरी आवश्यक कारवाही अगाडि वढाउन सक्ने छ ।

मुसिकोट राजपत्र

## अनुसुची ५

प्रकार जरिवाना रु कैफियत

भ्याट जारी नगरेमा १०००० प्रथम पटक का लागि छुट

घाटगद्दीको अनुमति विना कारोवार गरेमा प्रति रोपनी १५००० प्रथम पटक का लागि अनुमति का लागि समय प्रदान गर्ने

स्विकृत दररेट भन्दा वढि लिइएको पाइएमा उपलव्ध रसिद रकमको दोव्वर दोश्रो वा सो भन्दा वढि पटक भएमा आवश्यक प्रमाण सहित कार्यपालिकाले निर्णय गर्ने

रसिद उपलव्ध नगराइ कारोवार गरेको पाइएमा स्विकृत दरको दोव्वर

दोश्रो वा सो भन्दा वढि पटक भएमा कालोवजारी वा मिलेमतो गरेवरावरकै सजाय हुने

समयमै किस्ता नवुझाएमा सम्झौता वमोजिम हुने ।

**प्रमाणिकरण मिति : २०७६।०५।१०**

**आज्ञाले,**

**नवराज भण्डारी**

**प्रमुख प्रशासकीय अधिकृत**

**मूल्यरू ३०**

मुसिकोट राजपत्र